श्री

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर

इजलास

माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना

लेखा सदस्य श्री बासुदेव खनाल

**फैसला**

२०७९/०८० सालको निर्णय नं. २२०

पुनरावेदन नं. ०७७-RB-०३९०

पुनरावेदन दर्ता मितिः-२०७७।०९।०६

**मुद्दाः– आयकर (२०७२/०७३)**

जिल्ला कास्की पोखरा म.पा. वडा नं.९, हाल का.जि.का.म.पा.वडा नं.१६ स्थित गृहलक्ष्मी मेटल इण्डष्ट्रिज प्रा.लि को अख्तियार प्राप्त ऐ.का प्रमुख कार्यकारी अधिकृत शैलेस श्रेष्ठ ..........................................................................१ } पुनरावेदक

**विरुद्ध**

श्री मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल काठमाडौं........................... १
श्रीमान महानिर्देशक, आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौ................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालय : श्री मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल काठमाण्डौं
शुरु निर्णय गर्ने अधिकारी : प्रमुख कर प्रशासक श्री झक्कप्रसाद आचार्य
सुरु निर्णय मिति : २०७६/०४/२६

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालय : आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं
निर्णय गर्ने अधिकारी : महानिर्देशक श्री विनोद बहादुर कुँवर
निर्णय मिति :२०७७/०३/१८

## उपस्थित कानून व्यवसायीहरु

पुनरावेदकका तर्फबाट :विद्धान बरिष्ठ अधिवक्ता श्री शरद प्रसाद कोइराला

प्रत्यर्थी कार्यालयका तर्फबाट :विद्धान सहायक-न्यायाधिवक्ता श्री बिकास बन्जारा

पुनरावेदक कम्पनीका हकमा मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल काठमाण्डौंबाट मिति २०७६/०४/२६ को संशोधित कर निर्धारणको निर्णय उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट कार्यालयको निर्णयलाई नै मिति २०७७।०३।१८ सदर गर्ने गरी भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम यस न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत करदाताको तर्फबाट यो पुनरावेदन पत्र दर्ता भै पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. यस कार्यालयका करदाता गृहलक्ष्मी मेटल इण्डष्ट्रिज प्रा.लि. ले आ.व. २०७२/०७३ को आफ्नो कारोबारको सम्बन्धमा आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रु.२,६३,४४१।६७ कायम गरी मध्यमस्तरीय करदाता कार्यालय, बबरमहलमा मिति २०७३/०९/१२ मा आय विवरण पेश गरेको ।

२. मध्यमस्तरीय करदाता कार्यालयबाट कर परीक्षण हुंदा करदाताबाट पेश हुन आएको आय विवरण र आय विवरणसाथ संलग्न कागजातहरु, फांटवारी तथा अन्य प्रमाणहरूको अध्ययन,परीक्षण तथा छानविन गरी सो समेतको आधारमा पेश हुन आएको प्रतिवेदन समेतबाट प्रस्तुत करदाताको आ.व.२०७२/०७३ को लागी आयकर ऐन, २०५८ बमोजिम कट्टी गर्न नपाइने खर्च दावी भएको तथा आयमा समावेश गर्नुपर्ने रकम समावेश नगरेको देखिएकोले सोही ऐनको दफा १०१(६) बमोजिम करयोग्य आय रु २,८१,९६,४०२।१३ (अक्षेरुपी दुई करोड एकासी लाख छयानब्बे हजार चार सय दुई रुपैंया तेह्र पैसा मात्र) कायम गर्नुपर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले दिन १५ (पन्ध्र) भित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिमको सूचना मिति २०७६/०३/२३ मा जारी भएको ।

३. मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल, काठमाण्डौंबाट मिति २०७६/०३/२३ मा जारी भएको सूचना करदाताले मिति २०७६/०३/२३ मा बुझी लिई सोको लिखित जवाफ मिति २०७६/०४/०३ मा पेश गरेको ।

४.	प्रस्तुत करदाता गृहलक्ष्मी मेटल इण्डष्ट्रिज प्रा.लि. को आ.व. २०७२/०७३ को लागि देहाय अनुसार करदाताको करयोग्य आय रू.१,८४,३३,११२।९०(अक्षेरुपी एक करोड चौरासी लाख तेतीस हजार एक सय बाह्र रुपैया नब्बे पैसा मात्र) कायम गरी आयकर ऐन, २०५८ को दफा १०१(२) बमोजिम संशोधित कर निर्धारण गर्ने गरी मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल, काठमाण्डौंबाट मिति २०७६/०४/२६ मा खडा भएको निर्णय पर्चा ।

५.	मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल, काठमाण्डौंले मिति २०७६/०४/२६ मा जारी गरेको आ.व. २०७२/०७३ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझाई करदाता श्री गृहलक्ष्मी मेटल इण्डष्ट्रिज प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७६/०६/३० मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६.	करदाताले पेश गरेको विवरणलाई मान्यता दिई सोही बमोजिम आयकर ऐन, २०५८ को दफा ९९ वमोजिम कर निर्धारण गरी पेश गरेको नोक्सानी रु. १,३४,९५,८७६/३२ मात्र कट्टी गर्न पाउने हुनाले बढी कट्टी गरेको नोक्सानी अमान्य गर्नुपर्ने ठहर गरी आयकर ऐन, २०५८ को दफा २० को उपदफा (१) विपरीत काम गरेकोमा लाग्ने जरीवाना र ब्याज समेत समावेश गरी संशोधित कर निर्धारण गरेको मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल, काठमाण्डौंबाट मिति २०७६।०४।२६ मा भएको निर्णय कानून सम्मत देखिँदा निवेदकको जिकिर नपुग्ने ठहर्छ भन्ने समेत व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशनबाट मिति २०७७।०३।१८ मा भएको निर्णय।

७.	मूल्य अभिवृद्धि करको रकमलाई दायित्व निसर्ग मानि आयमा गणना गर्न मिल्दैन, मूल्य अभिवृद्धि करलाई व्यक्तिको आय व्ययको भाग वा हिस्सा मानिदैन। कानूनी प्रावधानबाट नै करदाताको कारोवार नहुने राशीलाई निसर्गको रुप दिई आयमा कायम गर्ने मू.अ.क. कानून एवं आयकर ऐन, २०५८ को दफा ४० प्रतिकूल छ। मूल्य अभिबृद्धि कर विवरणमा प्रविष्टीमा त्रुटी भएको कारणले करको स्वरुप परिवर्तन भई आय कदापी हुनसक्दैन।प्रत्यर्थी कार्यालयले मूल्य अभिबृद्धि कर विवरण र आय विवरणमा फरक परेको मू.अ.कर आयमा समावेश गर्नुपर्ने रु ४,९३,३४७।६७ र नोक्सानी कट्टी गर्न नपाउने रु. १,०९,६९,१५५।९३ लाई आय कायम गर्नुपर्ने भनी गरेको संशोधित कर निर्धारण आदेश तथा उक्त आदेश सदर गर्ने आन्तरिक राजस्व विभागको निर्णय समेत कानुन प्रतिकुल भएकाले प्रत्यर्थी कार्यालयहरुले गरेका उक्त निर्णयहरु बदर गरी न्याय

इन्साफ गरी पाउँ भन्ने समेत व्यहोराको जिकिर लिई करदाताको तर्फबाट मिति २०७७/०९/०६ मा यस राजस्व न्यायाधिकरणमा दर्ता भएको पुनरावेदन पत्र ।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७८/०५/१८ मा भएको आदेश ।

## ठहर खण्ड

९. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदन पत्र एवं प्राप्त सुरु मिसिल समेत अध्ययन गरी पुनरावेदक करदाता श्री गृहलक्ष्मी मेटल ईण्डष्ट्रिज प्रा.लि.का तर्फबाट उपस्थित हुनुभएका विद्वान बरिष्ठ अधिवक्ता श्री शरद प्रसाद कोईरालाले करदाताको आयकरका सम्बन्धमा मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल काठमाण्डौंबाट भएको अन्तिम कर निर्धारण आदेश तथा आन्तरिक राजस्व विभागबाट भएको निर्णय कानूनसम्मत नभएको हुँदा सो बदर गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयहरुका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय काठमाडौंका विद्वान सहायक-न्यायाधिवक्ता श्री बिकास बन्जाराले पुनरावेदक करदाताको हकमा भएको संसोधित कर निर्धारण आदेश तथा प्रशासकीय पुनरावलोकनको क्रममा विभागका महानिर्देशकबाट भएको निर्णय कानूनसम्मत रहेको हुँदा सो निर्णय सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

१०. पुनरावेदक करदाताबाट लिइएको पुनरावेदन जिकिर, दुवै तर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल, काठमाण्डौंबाट पुनरावेदक करदाताको हकमा भएको संसोधित कर निर्धारणको आदेश र उक्त आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन ? पुनरावेदक करदाताको जिकिर पुग्न सक्छ/सक्दैन? भन्ने सम्बन्धमा हेरी निर्णय दिनुपर्ने देखियो ।

११. पुनरावेदकको पुनरावेदन पत्रमा लिएको पहिलो पुनरावेदन जिकिर मू.अ.कर विवरण र आय विवरणमा खरिद फरक परेको आय विवरणमा न्यून खरिद देखाएकोले मूल्य अभिवृद्धि कर विवरण बमोजिमको रकमलाई आयमा समावेश गर्नुपर्ने भनी रु.४,९३,३४७।६७ आय कायम गरी भएको संसोधित कर निर्धारणको आदेश त्रुटीपूर्ण रहेकोले वदर हुनुपर्ने भन्ने जिकिर लिएको देखियो। करदाताले मू.अ.कर विवरण अनुसार भुक्तानी गर्नुपर्ने मूल्य अभिबृद्धि कर (VAT Payble) रु. ४२,९३,३३५।१६ भएको तर वित्तीय विवरण अनुसार भुक्तानी गर्नुपर्ने मूल्य अभिबृद्धि कर रु. ४७,८६,६८२।८३

लेखांकन गरी आय विवरण पेश गरेकोमा विवाद देखिएन ।शुरु कर कार्यालयमा जवाफ पेश गर्दा विवरण प्रस्तुती गर्दा भुलवश वा त्रुटी भइ फरक परेकोले यसलाई दायित्व निसर्ग मानी आय कायम गर्न मिल्दैन भन्ने व्यहोरा उल्लेख गरेको पाइयो। वित्तीय विवरणमा उल्लेख गरेको भुक्तानी गर्नुपर्ने मूल्य अभिवृद्धि कर रु.४७,८६,६८२।८३ यो यस कारणले त्रुटीपूर्ण भई अवास्तविक हो भनी करदाताले प्रमाण पेश गरी फरक पर्नुको कारण पुष्टी गर्न सकेको पनि देखिएन। त्यसैले फरक रकम रु.४,९३,३४७।६७बराबरको दायित्व आयकर ऐन २०५८ को दफा ४० को उपदफा (२) वमोजिम दायित्व निसर्ग भएको मानी सो निसर्गवाट प्राप्त रकम सोही ऐ. ऐनको दफा ३७ को उपदफा (१) वमोजिम आम्दानी मानिने भएकोले सोही ऐनको दफा ७ को उपदफा (२) खण्ड (ग) वमोजिम आयमा समावेश गरिएको संशोधित कर निर्धारण आदेश कानून सम्मत नै देखियो ।

१२. करदाताको अर्को पुनरावेदन जिकीर आ.व. २०७०/०७१ अन्तर्गत मिति २०७०/०४/२८ मा कम्पनीको नियन्त्रणमा परिवर्तन भएको हुनाले नियन्त्रणमा परिवर्तन भए पश्चात भएको नोक्सानी रु. १,०९,६९,१५५।९३ कट्टी गर्न पाउनेमा अमान्य गरेको निर्णय गैरकानूनी भई बदरभागी रहेको भन्ने देखियो । शुरु कर कार्यालयको निर्णय पर्चा हेर्दा आयकर ऐन, २०५८ को दफा ५७ को उपदफा (३) वमोजिम आ.व. २०७०/०७१ को दोस्रो अवधि (२०७०/०४/२८ देखि २०७१/०३/३२ सम्म) को लागि करदाताले रु. १,०९,६९,१५५।९३ नोक्सानी देखाई आय विवरण पेश गरेकोमा ठूला करदाता कार्यालयले संशोधित कर निर्धारण गर्दा रु. १,०५,५१,८२८।५३ करयोग्य नोक्सानी कायम गरेको भन्ने उल्लेख गरेको देखियो। करदाताले आ.व. २०७१।०७२ को आय विवरण पेश गर्दा उक्त नोक्सानी आयकर ऐन, २०५८ को दफा २० वमोजिम कट्टी नगरी आय विवरण पेश गरेको कारण यो आ.व. २०७२/०७३ मा कट्टी गरेको उक्त बढी नोक्सानी रकम अमान्य गरेको देखियो । यस सम्वन्धमा चित्त नवुझाई करदाताले आन्तरिक राजस्व विभागमा पेश गरेको प्रशासकीय पुनरावलोकनको निवेदनमा महानिर्देशकले निर्णय गर्ने क्रममा करदाताको आ.व. २०७०/०७१ को नोक्सानी आय विवरणमा राख्न छुट भएको भनी आयकर अवधिमा समावेश गर्न मिल्ने व्यवस्था आयकर ऐन, २०५८ तथा आयकर नियमावली, २०५९ मा रहेको छैन भन्ने समेत आधारमा मिति २०७७/०३/१८ मा उक्त निर्णय सदर गरेको पाइयो ।

१३. आयकर ऐन, २०५८ को दफा २० को उपदफा (१) मा कुनै व्यक्तिले कुनै आय वर्षमा व्यवसाय वा लगानीवाट भएको आय गणना गर्ने प्रयोजनको लागि देहाय

वमोजिमको नोक्सानी कट्टी गर्न पाउनेछ भन्ने व्यवस्था गर्दै खण्ड (ख) मा त्यस्तो व्यक्तिले कुनै व्यवसायवाट व्यहोर्नु परेको विगत सात आय वर्षहरुको कट्टि हुन नपाएको नोक्सानी भन्ने व्यवस्था रहेको पाइन्छ । त्यसैगरी सोही ऐनको दफा ५७ को उपदफा (२) मा उपदफा (१) मा उल्लेख भए वमोजिम कुनै निकायको स्वामित्व परिवर्तन भएमा त्यस्तो परिवर्तन पछि सो निकायलाई देहायका काम गर्न अनुमति दिइने छैन भन्ने व्यवस्था गर्दै खण्ड (ख) मा स्वामित्वको परिवर्तन हुनु भन्दा अघि सो निकायलाई हुन गएको नोक्सानी दफा २० वमोजिम कट्टा गर्ने भन्ने व्यवस्था गरिएको पाइन्छ ।

१४. करदाता गृहलक्ष्मी मेटल इण्ड्रष्ट्रीज प्रा.लि. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (भ) मा परिभाषित गरिए वमोजिमको निकाय रहेको, निजको स्वामित्वमा मिति २०७०/०४/२८ मा परिवर्तन भएको र त्यस पछिको आ.व. २०७०/०७१ को कर अवधि २०७०/०४/२८ देखि २०७१/०३/३२ सम्म करयोग्य नोक्सानी रु. १,०५,५१,८२८।५३ रहेको कुरा ठुला करदाता कार्यालयले नै स्वीकार गरेको देखियो। आयकर ऐन,२०५८ को दफा २०(१) (ख) मा रहेको व्यवस्था अनुसार करदाताको आ.व. २०७०/०७१ मा भएको कर योग्य नोक्सानी सात आय वर्ष भित्र कट्टी गर्न पाउने गरी विधायिकाले नै ऐनमा व्यवस्था गरेको र उक्त नोक्सानी स्वामित्व परिवर्तन पछि भएको नोक्सानी हुँदा त्यस्तो निकायको नोक्सानी कट्टी गर्नको लागि आयकर ऐन, २०५८ को दफा ५७(२) को खण्ड (ख) ले समेत रोक लगाएको देखिएन । यस स्थितिमा आ.व.२०७०/०७१ को करयोग्य नोक्सानी तत्कालपछिको आ.व.२०७१/०७२ मा कट्टी नगरेको आ.व. २०७२/०७३ मा मात्र कट्टी गरेको कार्यले मान्यता नपाउने भन्ने अर्थ गरी नोक्सानी कट्टी लाई अमान्य गरको शुरु मध्यमस्तरिय करदाता कार्यालयको संशोधित कर निर्धारणको आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकवाट भएको निर्णय समेत सो हदसम्म न्यायोचित नदेखिंदा केही उल्टी गरी यो शीर्षकमा पुनः संशोधित कर निर्धारण गर्न फाइल शुरुमा पठाउन उपयुक्त हुने देखियो ।

१५. तसर्थ माथि विवेचित आधार एवं कारण समेतबाट करदाता गृहलक्ष्मी मेटल इण्डष्ट्रिज प्रा.लि. (स्थायी लेखा नं.३०२८४७६५५) को आ.व.२०७२/०७३ को आय विवरणमा दावी गरेको आ.व.२०७०/०७१को (मिति २०७०।०४।२९ देखि२०७१।०३।३२) सम्मको नोक्सानी रू.१,०९,६९,१५५।९३ आयकर ऐन, २०५८ को दफा २०(१) (ख) र दफा ५७(२)(ख) को कानूनी व्यवस्थाको रोहमा नोक्सानी कट्टी पाउने वा नपाउने सम्बन्धमा करदाताको आ.व.२०७०/०७१ को वित्तीय विवरण समेत हेरी आधार र कारण सहित पुनःसंशोधित कर निर्धारण गरिदिनु भनी तारिखमा रहेका

करदातालाई शुरु कर कार्यालयको तारिख तोकी मिसिल समेत पठाई दिने ठहर्छ। अन्य शीर्षकको हकमा करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन।अरु तपसिल बमोजिम गर्नू।

**तपसिल खण्ड**

१. माथि ठहर खण्डमा लेखिए बमोजिम करदाताको आ.व.२०७०/०७१ को वित्तीय विवरण समेत हेरी करदाताको कट्टी हुन नपाएको नोक्सानी यो आ.व.२०७२।०७३ मा कट्टी पाउने वा नपाउने सम्वन्धमा आधार र कारण सहित पुनःसंशोधित कर निर्धारण गर्न पठाउने ठहर भएकोले तारिखमा रहेका करदातालाई मध्यमस्तरीय करदाता कार्यालय बबरमहलको तारिख तोकी फैसला सहितको शुरु मिसिल समेत मध्यमस्तरीय करदाता कार्यालय बबरमहलमा पठाई दिनू।

२. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई दिनू ।

३. फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू ।

४. प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाईदिनू ।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
शाखा अधिकृतः खेमकुमारी बस्नेत
कम्प्यूटर टाईपः अशोक बिश्वकर्मा
फैसला मितिःईति सम्वत् २०७९ साल फाल्गुण २८ गते रोज १ शुभम् -----------------
फैसला प्रमाणिकरण गर्ने लेखा सदस्यः-
फैसला प्रमाणिकरण मितिः- राजस्व न्यायाधिकरण काठमाण्डौको छाप